जब तपाईंहरू अजान सुन्नुहुन्छ भने मुअज्जिनले भने जस्तै भन्नुहोस् ।

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब तपाईंहरू अजान सुन्नुहुन्छ भने मुअज्जिनले भने जस्तै भन्नुहोस् ।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अजान सुन्दा मुअज्जिनलाई जवाफ दिन प्रोत्साहित गर्दै हुनुहुन्छ । जवाफमा हामीले मुअज्जिनले भनेझैं प्रत्येक वाक्यलाई एक-एक गरेर भन्नुपर्छ । जब उसले तकबीर भन्छ, हामी तकबीर भन्नेछौं । जब उसले ‘अश्ह्दु अल्ला इलाह इल्लल्लाह’ र ‘अश्ह्दु अन्न मुहम्मदर्रसूलुल्लाह’ दुबै गवाही दिन्छ, हामी पनि त्यसपछि दुबै गवाही दिनेछौं । तर (हय्य अलस्सलाह) र (हय्य अलल्फलाह) को जवाफमा (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भनिनेछ ।

https://sunnah.global/hadeeth/ne/show/3013